भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १८ मितिः २०७४/१२/१८

भाग-२

भूमे गाउँपालिका

## पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७४

*गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७४/१०/१२*

प्रस्तावनाः गाउँपालिकाको नियमित सेवा प्रवाह तथा कामकाज गर्ने गरी गाउँ कार्यपालिकाको कार्यालय वा वडा कार्यालयहरुमा खटिने वा खटाइने पदाधिकारीहरु एवं साविकमा स्थानीय निकायमा विभिन्न सेवा शर्तमा करार, ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा निर्धारण गर्न वाञ्छनीय भएकोले भूमे गाउँसभाबाट पारित गरी यो मापदण्ड बनाइएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "भूमे गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७४" रहेको छ ।

(२) यो मापदण्ड कार्यपालिकाको बैठकबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः**

(क)"पदाधिकारी" भन्नाले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, गाउँ कार्यपालिका सदस्य र वडा सदस्यलाई जनाउँदछ ।

(ख) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिकालाई जनाउँदछ ।

(ग)"कार्यालय" भन्नाले भूमे गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँदछ ।

(घ)"वडा कार्यालय" भन्नाले भूमे गाउँपालिका अन्तर्गतका वडा कार्यालयलाई जनाउँदछ ।

(ङ)"साविक स्थानीय निकाय" भन्नाले साविकका काँक्री, मोराबाङ, काँडा, महत र चुनबाङ गाउँ विकास समितिलाई जनाउँदछ ।

(च)"गाउँसभा" भन्नाले भूमे गाउँपालिकाको गाउँसभालाई जनाउँदछ ।

## परिच्छेद- २
## सेवा सुविधा

३. **पदाधिकारीहरुको सेवा सुविधाः** (१) दैनिक रुपमा गाउँपालिकाको कामकाज गर्ने गरी गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा खटिने पदाधिकारीहरुको मासिक सञ्चार सुविधा देहाय बमोजिम हुनेछ।

| **क्र.सं.** | **पद** | **सुविधा वापतको मासिक रकम** | **पुष्ट्याईं** |
|---|---|---|---|
| १ | अध्यक्ष | १,५००।- | सबै वडाहरुका नियमित समन्वय र निर्देशन |
| २ | उपाध्यक्ष | १,५००।- | सबै वडाहरुका नियमित समन्वय र निर्देशन |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | १,०००।- | गाउँसभा तथा गाउँ कार्यपालिका बैठक लगायत बैठक तथा अन्य कार्यहरुको समन्वय गर्न |
| ४ | वडाध्यक्ष | १,०००।- | वडा समिति तथा गाउँपालिकामा समन्वय गर्न |
| ५ | गाउँसभा सदस्य | ५००।- | वडा समिति तथा गाउँपालिकामा समन्वय गर्न |

(२) गाउँपालिका, वडा कार्यालय वा अन्यत्र खटिने वा खटाइने पदाधिकारीलाई प्रदेश कानून बमोजिम सुविधा उपलब्ध गराइनेछ।

(३) गाउँपालिका अध्यको सल्लाहकारको रुपमा खटिने सल्लाहकार र

न्यायिक समितिमा कानूनी परामर्शदाताको रुपमा खटिने सल्लाहकार र कानूनी परामर्शदातालाई काम गरेको अवधिको प्रतिदिन रु. ७००।– का दरले एकमुष्ठ सुविधा उपलब्ध गराइनेछ ।

(४) गाउँसभा, गाउँ कार्यपालिका, विषयगत समिति र वडा समितिको बैठक बसेको बैठक भत्ता देहाय बमोजिम हुनेछः

| **क्र.सं.** | **बैठक** | **दर (प्रति दिन)** | **कैफियत** |
|---|---|---|---|
| १ | गाउँसभाको बैठक | रु. १,०००।- | गाउँसभा बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४ अनुसारको बैठक |
| २ | गाउँ कार्यपालिकाको बैठक | रु. १,०००।- | आवश्यकतानुसारको बैठक |
| ३ | विषयगत समितिको बैठक | रु. १,०००।- | " " |
| ४ | कार्यदलको बैठक | रु. १,०००।- | " " |
| ५ | वडा समितिको बैठक | रु. १,०००।- | महिनामा बढीमा तीन पटक मात्र |

(५) गाउँसभा र गाउँ कार्यपालिका ताथ विषयगत समिति लगायत गाउँपालिकाको बैठकमा उपस्थित हुँदा ६ कोषभन्दा टाढा पर्ने वडाहरुको हकमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम तृतीय तहको दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ । गाउँसभा र गाउँ कार्यपालिकाका सदस्यहरुले वडा नं. ९ को हकमा ९००।-, वडा नं. १ र ७ को हकमा रु. ५००।-, वडा नं २, ४,५ र ६ को हकमा रु. ३००।– यातायात खर्च वापत एकमुष्ठ रकम उपलब्ध गराइनेछ ।

(६) यो मापदण्ड लागू हुनुभन्दा अघि बसेको आ.व. २०७४/०७५ को बैठक भत्ता यसै बमोजिम भएको मानिनेछ ।

(७) बैठक व्यवस्थापनको लागि खटिने कर्मचारीहरुले समेत यस्तो भत्ता प्राप्त गर्नेछन् । कार्यालय सहयोगी र सुरक्षाकर्मी (सिपाही) ले प्रति बैठक ५००।- का दरले उपलब्ध गराइनेछ ।

(८) बैठकका सहभागीलाई बैठकभत्ता प्राप्त गर्दाको दिन प्रतिदिन रु. ६००।– सयका दरले खाना तथा होटल बास खर्च वापत उपलब्ध गराइनेछ ।

४. **कर्मचारीको दैनिक भ्रमण भत्ता सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाको कार्यालयबाट छ कोष वा सो भन्दा बढो दूरमा कुनै कर्मचारी तथा पदाधिकारीलाई गाउँपालिकाको कामको लागि खटाइएमा भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ । बजार अनुगमन, योजना अनुगमन, विद्यालयको अनुगमन, आयोजना सर्वेक्षण, डिजायन लगायतको गाउँपालिकाको काममा खटिने/खटाइने कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण खर्च नियमावली, २०६४ अनुसार अनुगमन तथा मूल्याङ्कन खर्च दिइनेछ ।

छ कोषभन्दा कम दूरीमा योजना, बजार, विद्यालय लगायत गाउँपालिकाबाट अनुगमनमा खटिने पदाधिकारी तथा कर्मचारीलाई देहाय बमोजिम खाजा खर्च वापतको रकम उपलब्ध गराइनेछः

| **क्र.सं.** | **पद** | **दर (प्रति दिन)** | **कैफियत** |
|---|---|---|---|
| १ | राजपत्राङ्कित वा सो सरह | रु. ६००।- | गाउँपालिका अध्यक्ष,उपाध्यक्ष |
| २ | राजपत्र अनङ्कित वा सो सरह | रु. ४००।- | वडाध्यक्ष, गाउँपालिका सदस्यहरु |
| ३ | सुरक्षाकर्मी (सिपाही) | रु. ३००।- | |
| ४ | कार्यालय सहयोगी/श्रेणी विहिन | रु. १००।- | |

५. **अस्थायो, करार र ज्यालादारीमा कार्यरत कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) साविकको स्थानीय निकायमा कार्यरत कार्यसम्पादन स्तर सन्तोषजनक भएका कर्मचारीको हकमा मापदण्डमा तोकिएको तलब स्केलमा कामकाज गर्ने गरी श्रावण १ गतेदेखि लागू हुनेगरी करार सम्झौता थप वा नवीकरण गर्ने । करार सम्झौता थप भएका र ६ महिनाभन्दा बढी कार्यरत कर्मचारीहरुले चाडपर्व खर्च र पोशाक भत्ता बाहेक स्थानीय भत्ता, महँगी भत्ता वापतको रकम प्राप्त गर्ने छैनन् ।

(२) कार्यसम्पादनस्तर सन्तोषजनक नभएका र करार सम्झौताभन्दा बाहिर भएमा करार सम्झौता नवीकरण नगर्ने वा तत्काल रद्द गरिनेछैन ।

(३) करार सम्झौता गरिएको कर्मचारीहरुलाई कार्यालयको काममा कुनै

स्थानमा खटाइएमा भ्रमण खर्च नियमावली, २०६४ अनुसारको भ्रमण खर्च उपलब्ध गराइनेछ ।

(४) वडा कार्यालय एवं गाउँ कार्यपालिकाको कार्यालयमा स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका प्राविधिक पद, प्रशासन सहायक, कार्यालय सहयोगी लगायतका पदमा अर्को व्यवस्था भएमा वा स्थायी कर्मचारी खटाइएमा सोही बमोजिम हुने गरी गाउँ कार्यपालिकाले निश्चित मापदण्ड बनाई सोही मापदण्डको आधारमा प्रतिस्पर्धाबाट आवश्यक कर्मचारीको व्यवस्था गर्नेछ । ती पदमा नियुक्त हुने कर्मचारीको सेवा सुविधा देहाय बमोजिम हुनेछ ।

| **क्र.सं.** | **पद** | **श्रेणी** | **मासिक तलब स्केल** |
|---|---|---|---|
| १ | सिभिल इन्जिनियर | रा.प.तृतीय | ३०,५०० र स्थानीय भत्ता ८८०० |
| २ | सभिल सब इन्जिनियर | रा.प. अनंकित प्रथम | २४,०००।- र स्थानीय भत्ता ५५१० |
| ३ | कम्प्यूटर अपरेटर | रा.प. अनंकित प्रथम | २०,०००।- |
| ४ | अमिन | रा.प. अनंकित प्रथम | २२,०००।- |
| ५ | सहायक कम्प्यूटर अपरेटर | रा.प. अनंकित द्वितीय | १८,०००।- |
| ६ | प्रशासन तथा लेखा सहायक (वडा) | रा.प. अनंकित द्वितीय | १५,०००।- |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | १०,०००।- |

५) यो सुविधा आर्थिक वर्ष २०७४।०७५ का लागि लागू हुनेछ । अन्य आर्थिक वर्षमा गाउँ कार्यपालिका तथा गाउँसभाले लिएको नीति तथा कार्यक्रम र निर्णयानुसार हुनेछ ।

६. **यसै बमोजिम भएको मानिनेः** यो मापदण्ड बन्नुभन्दा अघि उपलब्ध गराइएको वा गराउन बाँकी सुविधाहरु यसै बमोजिम भएको मानिनेछ ।

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

प्रमुख प्रशासकीय अधिकृत